नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**प्रधानमन्त्री रोजगार कार्यक्रम**

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ८-०८१/०८२
च. नं./pmep/ ४९५

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार, काठमाडौं

मिति: २०८२।०२।०१

श्री स्थानीय तह, सबै।
मार्फत: सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।

**विषय: रोजगार सेवा केन्द्रमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा **रोजगारीको हक सम्बन्धी ऐन, २०७५** दफा ८ मा उल्लिखित बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्ने प्रावधान कार्यान्वयन गर्न नेपाल सरकारले आर्थिक वर्ष २०७५/०७६ देखि **प्रधानमन्त्री रोजगार कार्यक्रम** सञ्चालनमा ल्याएको छ। सोही ऐनको दफा १० बमोजिम स्थानीय तहमा स्थापित **रोजगार सेवा केन्द्रमा रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६** र **स्थानीय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक पदपूर्ती सम्बन्धी मापदण्ड, २०७८** बमोजिम रोजगार संयोजक, प्राविधिक सहायक तथा रोजगार सहायक नियुक्त भई कार्यरत रहेका छन्। कार्यरत रोजगार संयोजकको हकमा **प्रधानमन्त्री रोजगार कार्यक्रम**को बजेट उपशिर्षक नम्बर ३७१००१०२ बाट (नेपाल सरकारको श्रोत तर्फ) तथा रोजगार सहायक र प्राविधिक सहायकको हकमा विश्व बैंकको सहुलियतपूर्ण ऋण सहयोगमा सञ्चालित **युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना**को बजेट उपशिर्षक नम्बर ३७१००१०३ बाट सशर्त अनुदान मार्फत वित्तिय हस्तान्तरण तलब/भत्ता व्यवस्थापन भई आएको व्यहोरा विदितै छ।

आगामी आर्थिक बर्ष २०८२/०८३ मा रोजगार कार्यक्रम सञ्चालनका लागि हाल प्राप्त बजेटको सीमितता र **युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना**को समयावधि २०८२ असार मसान्तमा समाप्त हुने भएको कारण कार्यक्रम सञ्चालन खर्च र रोजगार संयोजकको लागि तलब/भत्ता व्यवस्थापन हुने देखिएको छ। अत: हाल कार्यरत प्राविधिक सहायक तथा रोजगार सहायकको हकमा माग र आवश्यकताका आधारमा सम्बन्धित स्थानीय तहबाट नियमानुसार जनशक्ति व्यवस्थापन गर्नुहुन नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०८२।०१।३१ को निर्णयानुसार अनुरोध छ। साथै बजेट उपशिर्षक नम्बर ३७१००१०३ **युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना** तर्फबाट चालु आर्थिक वर्षमा भएका कुनै पनि वित्तीय दायित्व आगामी आर्थिक वर्षको लागि नसार्ने व्यवस्था मिलाउनुहुन समेत निर्णयानुसार अनुरोध छ।

**रोजगार सेवा केन्द्रमा थप जनशक्ति व्यवस्थापन गर्नुपर्ने आधार तथा कारणहरु देहाय अनुसार रहेका छन्:**

- नेपालको संविधान २०७२ को धारा ५७ मा स्थानीय तहको क्षेत्राधिकार र अनुसूचि ७ र ८ मा उल्लेख भए अनुसार हाल सम्म सञ्चालन भएको न्यूनतम् रोजगारी सिर्जना र एकिकृत सुचना प्रणाली सञ्चालन सम्बन्धी जिम्मेवारी स्थानीय तहको हुने।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**प्रधानमन्त्री रोजगार कार्यक्रम**

सिहंदरबार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ४-०८१/०८२
च. नं./pmep/ ४१९

नेपाल सरकार श्रम तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार, काठमाडौं

- **रोजगारीको हक सम्बन्धी नियमावली, २०७५** को नियम ५ को उपनियम (३) मा "रोजगार संयोजकलाई सहयोग पुऱ्याउन सम्बन्धित स्थानीय तहले रोजगार सेवा केन्द्रमा कामकाज गर्ने गरी आवश्यक कर्मचारी खटाउन सक्ने" व्यवस्था गरेको।
- आन्तरिक रोजगारीका अवसरहरू सिर्जना गरेर आर्थिक समृद्धिलाई अगाडि बढाउनु पर्ने अत्यावश्यक परिस्थितिलाई मध्यनजर गरी आन्तरिक रोजगारी दशक सञ्चालन गर्ने नेपाल सरकारले घोषणा गरेको र सोको कार्यान्वयनको लागि रणनीति समेत तर्जुमा भईरहेको अबस्थामा सोको कार्यान्वयनको मुख्य भुमिका स्थानीय तहले निर्वाह गर्नुपर्ने देखिएको।
- औपचारिक तथा अनौपचारिक क्षेत्रमा रहेका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै सामाजिक सुरक्षा सुनिश्चितता सहितको पेन्सनेवल समाजको निर्माण गर्ने, स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रहरूको सुदृढीकरण र प्रविधिको अधिकतम प्रयोग गरी रोजगारदाता र श्रमिकका लागि साझा सूचना केन्द्रको रुपमा विकास गर्ने लगायत राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन, २०८१ को १६ बुँदे घोषणापत्रमा उल्लिखित क्रियाकलापहरु कार्यान्वयन गर्न स्थानीय तहले भूमिका निर्वाह गर्नुपर्ने देखिएको।
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ को दफा ४३ बेरोजगार व्यक्ति र रोजगारदाताको तथ्याङ्क संकलन, अद्यावधिक गर्ने, स्थानीय तहको बजेट तथा कार्यक्रमबाट स्थानीय रोजगारी सिर्जना गर्ने र तथ्याङ्कको साझेदारी, कार्यक्रमको अनुगमन र प्रतिवेदन गर्ने कार्यमा प्रदेश सरकार र नेपाल सरकारलाई आवश्यक सहयोग गर्ने जिम्मेवारी प्रत्येक स्थानीय तहको हुने भन्ने व्यवस्था बमोजिम स्थानीय तहबाट यस कार्यक्रम कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह हुँदै आएको र आगामी दिनमा समेत सोको निरन्तरता आवश्यक पर्ने।
- आगामी आर्थिक वर्ष देखि परिमार्जित ढाँचामा कार्यान्वयन गरिने रोजगार कार्यक्रमका लागि रोजगार सेवा केन्द्रको जनशक्ति व्यवस्थापन अपरिहार्य भएको।
- कतिपय स्थानीय तहबाट रोजगार सेवा केन्द्रलाई संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) मार्फत् स्थायी जनशक्तिको व्यवस्था गर्ने प्रकृया अगाडी बढाएको देखिन्छ साथै स्थानीय तहबाट प्रवाह गर्नुपर्ने सेवाको आवश्यकताको आधारमा रोजगार सेवा केन्द्रलाई संगठन संरचना भित्र पार्ने कार्यलाई अन्य स्थानीय तहहरुले समेत अनुशरण गर्दै जानुपर्ने देखिएको छ।

२०८२/०२/०९

(नवराज सुवेदी)
शाखा अधिकृत